# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
# ऋण तथा स्वपूँजी लगानी सम्बन्धी कार्यविधि, २०७८

सञ्चालक समितिबाट स्वीकृत मितिः २०७८/०३/०९

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडले जलविद्युत परियोजनामा गर्ने स्वपूँजी लगानी सम्बन्धी प्रकृयामा समसामयिक सुधार गर्दै ऋण लगानीको प्रकृयालाई समेत समेटी तत्सम्बन्धी एकीकृत कार्यविधि तर्जुमा गर्न वान्छनीय भएकोले,

कम्पनीको नियमावली, २०६८ को नियम ४९ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी कम्पनीको सञ्चालक समितिले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, ऋण तथा स्वपूँजी लगानी सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि सञ्चालक समितिले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ईन्भेष्टमेण्ट एप्राईजल टेम्प्लेट" भन्नाले कम्पनीले परियोजनामा ऋण वा स्वपूँजी लगानी गर्ने प्रयोजनका लागि परियोजनाको मूल्याङ्कन तथा विश्लेषण गर्न प्रयोग गर्ने अनुसूची-२ बमोजिमको ईन्भेष्टमेण्ट एप्राईजल टेम्प्लेट सम्झनु पर्छ।

(ख) "उल्लेख्य शेयरधनी" भन्नाले प्रवर्द्धक कम्पनीको दुई प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व भएको व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ग) "ऋण" भन्नाले कम्पनीले एकल वा सामूहिक रुपमा वा सहवित्तीयकरण मार्फत परियोजनामा लगानी गर्ने ऋण सम्झनु पर्छ।

(घ) "कम्पनी" भन्नाले हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड सम्झनु पर्छ।

(ङ) "जोखिम व्यवस्थापन समिति" भन्नाले कम्पनीको सञ्चालक समितिद्वारा गठित जोखिम व्यवस्थापन समिति सम्झनु पर्छ।

(च) "परियोजना" भन्नाले कम्पनीमा स्वपूँजी वा ऋण लगानीको लागि प्रस्ताव गरिएका

जलविद्युत उत्पादन, प्रसारण वा वितरण गर्ने परियोजना सम्झनु पर्छ।

(छ) "प्रवर्द्धक" भन्नाले परियोजना विकास गर्नको लागि गठित स्वदेशी वा विदेशी कम्पनी वा संगठित संस्था सम्झनु पर्छ।

(ज) "र्‍यापिड एसेसमेण्ट टुल्स्" भन्नाले ईन्भेष्टमेण्ट एप्राईजल टेम्प्लेटमा व्यवस्था भएको र्‍यापिड एसेसमेण्ट टुल्स् सम्झनु पर्छ।

(झ) "लगानी तथा जोखिम व्यवस्थापन उपसमिति" भन्नाले दफा ३ बमोजिमको लगानी तथा जोखिम व्यवस्थापन उपसमिति सम्झनु पर्छ।

(ञ) "सञ्चालक समिति" भन्नाले कम्पनीको सञ्चालक समिति सम्झनु पर्छ।

९ट० "स्वपूँजी" भन्नाले प्रवर्द्धक कम्पनीमा लगानी गर्ने शेयर पूँजी (इक्विटी शेयर) सम्झनु पर्छ र सो शब्दले भविष्यमा स्वपूँजीमा परिवर्तन हुने गरी लगानी गरिने परिवर्त्य वित्तीय उपकरणलाई समेत जनाउँछ।

३. <u>लगानी तथा जोखिम व्यवस्थापन उपसमिति सम्बन्धी व्यवस्थाः</u> (१) यस कार्यविधि बमोजिम स्वपूँजी वा ऋण लगानी सम्बन्धी निर्णय प्रकृयालाई सरलीकृत गर्न तथा सो सम्बन्धी निर्णयको कार्यान्वयन गर्न देहायको लगानी तथा जोखिम व्यवस्थापन उपसमिति रहनेछः-

| | |
|---|---|
| ९क० प्रमुख कार्यकारी अधिकृत | -संयोजक |
| ९ख० नायब महाप्रवन्धक (वित्त) | -सदस्य |
| ९ग० नायब महाप्रवन्धक (जलविद्युत) | -सदस्य सचिव |

(२) लगानी तथा जोखिम व्यवस्थापन उपसमितिको काम, कर्तव्य र जिम्मेवारी देहायबमोजिम हुनेछः-

९क० कम्पनीबाट लगानी भएका वा लगानीका लागि प्रस्ताव प्राप्त भएका परियोजनाहरुको जोखिम विश्लेषण गर्ने, गराउने,

९ख० स्वपूँजी वा ऋण लगानीका शर्त र बन्देजहरुको मस्यौदा तयार गर्ने,

९ग० परियोजना प्रस्तावको मूल्याङ्कन, जोखिम विश्लेषण तथा निर्धारित शर्त र बन्देजका आधारमा स्वपूँजी वा ऋण लगानीका लागि उपयुक्त देखिएमा राय सहितको प्रस्ताव तयार गरी जोखिम व्यवस्थापन समितिमा पेश गर्ने,

(घ) स्वपूँजी तथा ऋण लगानी स्वीकृत भईसकेका परियोजनाहरुलाई सम्झौता अनुसार स्वपूँजी वा ऋण रकम भुक्तानीको स्वीकृत गर्ने,

(ङ) लगानी भएका परियोजनाहरुको अनुगमन, मूल्याङ्कन तथा स्थलगत अवलोकन गरी, गराई सोको विश्लेषण सहितको प्रतिवेदन जोखिम व्यवस्थापन समितिमा पेश गर्ने,

(च) सञ्चालक समिति तथा जोखिम व्यवस्थापन समितिबाट भएका निर्णय तथा प्राप्त निर्देशनको कार्यान्वय गर्ने, गराउने।

(३) लगानी तथा जोखिम व्यवस्थापन उपसमितिको बैठक सम्बन्धी कार्यविधि सो उपसमिति आफैंले निर्धारण गर्नेछ।

४. <u>दरखास्त दिनुपर्ने:</u> (१) कुनै प्रवर्द्धकले परियोजनामा कम्पनीबाट स्वपूँजी वा ऋण लगानी माग गर्न चाहेमा अनुसूची-१ बमोजिमको ढाँचामा कम्पनीमा दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वपूँजी वा ऋण लगानीको लागि दरखास्त दिँदा प्रवर्द्धक वा सहवित्तीयकरणको अगुवा बैंकले समेत दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइने दरखास्त साथ देहायका कागजातहरु प्रवर्द्धकको कम्पनी सचिवबाट वा कम्पनी सचिवको व्यवस्था नभएमा प्रवर्द्धकको अख्तियारी प्राप्त व्यक्तिबाट प्रमाणित गरी संलग्न गर्नुपर्नेछः-

(क) स्वपूँजी वा ऋण लगानी माग गर्ने गरी प्रवर्द्धकको सञ्चालक समितिले गरेको निर्णय तथा अख्तियारी,

(ख) परियोजनाको लागत अनुमान, आवश्यक स्वपूँजी र ऋणको विवरण, वित्तीय प्रक्षेपण र वित्तिय योजना सहितको प्रस्ताव,

(ग) प्रवर्द्धक कम्पनीको विवरण, कम्पनी दर्ता प्रमाण पत्र, प्रवन्धपत्र, नियमावली, शेयर लगत तथा सञ्चालकहरुको लगत,

(घ) प्रवर्द्धक कम्पनीको स्थायी लेखा नम्वरको प्रमाण पत्र तथा पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्र,

(ङ) प्रवर्द्धक कम्पनीको विगत तीन वर्षको लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएका वित्तीय विवरणहरू,

९च० सञ्चालकहरु तथा आधारभूत शेयरधनीको व्यक्तिगत विवरण तथा नेटवर्थ विवरण,

९छ० परियोजनाको वर्तमान अवस्थाको विवरण,

९ज० परियोजनाको अध्ययन तथा विकाससँग सम्बन्धित अनुमतिपत्रहरु,

९झ० नेपाल सरकारले तोके बमोजिमको परियोजनासँग सम्बन्धित सम्भाब्यता अध्ययन प्रतिवेदन, विस्तृत प्रतिवेदन, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तथा अन्य अध्ययन प्रतिवेदनहरु,

९ञ० परियोजनासँग सम्बन्धित ग्रीड कनेक्सन सम्झौता र विद्युत खरिदबिक्री सम्बन्धी सम्झौता,

९ट० परियोजनाको लागि आवश्यक नीजि, सरकारी तथा वनको जग्गा र जग्गा प्राप्तिको वर्तमान अवस्था एवम् योजना,

९ठ० अख्तियार प्राप्त व्यक्तिको नाम तथा सम्पर्क विवरण,

९ड० प्रवर्द्धक कम्पनी, त्यसका सञ्चालक वा आधारभूत शेयरधनीको विगतमा तथा हाल अन्य जलविद्युत परियोजनामा संलग्नता भएमा सो समेत स्पष्ट खुल्ने गरी तयार गरिएको व्यक्तिगत विवरण,

९ढ० प्रवर्द्धक कम्पनी, त्यसका सञ्चालक वा आधारभूत शेयरधनी प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको भनी सम्बन्धित व्यक्ति वा संस्थाले प्रमाणित गरेको स्वःघोषणापत्र, र

९ण० कम्पनीले आवश्यक ठानेका अन्य विवरणहरु।

(४) उपदफा (३) बमोजिम पेश गर्नु पर्ने आवश्यक कागजात तथा विवरणहरुमा परियोजनाको प्रगतिको अवस्था र प्रकृतिको आधारमा थपघट गर्न सकिनेछ ।

(५) उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएमा कम्पनीको प्राविधिक मूल्याङ्कन तथा विश्लेषण विभागले वित्तीय विश्लेषण तथा जोखिम व्यवस्थापन विभागसँग समन्वय गरी आवश्यक कागजात उपलब्ध भएको वा नभएको रूजु गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम दरखास्त रुजु गर्दा कुनै कागजात नपुगेको भएमा दरखास्त प्राप्त भएको सात दिनभित्र उचित समय तोकी नपुग कागजातहरु पेश गर्न सम्बन्धित प्रवर्द्धकलाई सूचित गर्नु पर्नेछ।

(७) यो कार्यविधि प्रारम्भ हुनु अघि स्वपूँजी वा ऋण लगानीको लागि दरखास्त दिएका प्रवर्द्धकको हकमा उपदफा (३) बमोजिमको कुनै कागजात माग गर्नुपर्ने भएमा यो कार्यविधि प्रारम्भ भएको सात दिनभित्र आवश्यक समय अवधि दिई थप कागजात उपलब्ध गराउन लेखी पठाउनु पर्नेछ।

(८) उपदफा (५) बमोजिम दरखास्त रुजु गर्दा र उपदफा (६) वा (७) बमोजिम कागजात प्राप्त गरी रितपूर्वकको देखिएमा त्यस्तो दरखास्त सहितको फाईल कम्पनीको दर्ता किताबमा दर्ता गर्नु पर्नेछ।

५. <u>प्रारम्भिक जाँचबुझः</u> (१) दफा ४ बमोजिम आवश्यक कागजातहरु सहितको दरखास्त प्राप्त भएमा प्रमुख कार्यकारी अधिकृतको स्वीकृति लिई कम्पनीको प्राविधिक मूल्याङ्कन तथा विश्लेषण विभागले न्यापिड एसेसमेण्ट टुल्स् प्रयोग गरी त्यस्तो दरखास्त प्राप्त भएको पन्ध्र दिनभित्र प्रस्तावित परियोजनाको प्रारम्भिक जाँचबुझ (इनिसियल स्क्रिनिङ्ग) गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रारम्भिक जाँचबुझबाट स्वपूँजी वा ऋण लगानीको प्रकृया अघि बढाउन आवश्यक न्यूनतम अंक प्राप्त गरेका परियोजनामा प्राविधिक मूल्याङ्कन तथा विश्लेषण विभागले प्रमुख कार्यकारी अधिकृतको स्वीकृति लिई स्वपूँजी वा ऋण स्वीकृतिको प्रकृया अघि बढाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रारम्भिक जाँचबुझबाट स्वपूँजी वा ऋण लगानीको प्रकृया अघि बढाउन नसकिने देखिएमा प्राविधिक मूल्याङ्कन तथा विश्लेषण विभागले प्रमुख कार्यकारी अधिकृतको स्वीकृति लिई सात दिनभित्र सोको कारण सहितको जानकारी सम्बन्धित प्रवर्द्धकलाई दिनु पर्नेछ।

६. <u>कालो सूचीमा रहे नरहेको यकीन गर्नु पर्ने:</u> (१) दफा ५ बमोजिमको प्रारम्भिक जाँचबुझबाट परियोजना अघि बढाउन सकिने देखिएमा प्राविधिक मूल्याङ्कन तथा विश्लेषण विभागले त्यस्तो जाँचबुझ सकिएको पाँच दिनभित्र सो प्रस्तावसँग सम्बन्धित प्रवर्द्धक, प्रवर्द्धकका उल्लेख्य शेयरधनीहरु तथा सञ्चालकहरुको कर्जा सूचना केन्द्र लिमिटेड र सार्वजनिक खरिद अनुगमन कार्यालयमा रहेको विवरणका आधारमा प्रचलित कानून बमोजिम कालो सूचीमा रहे नरहेको यकीन गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था वा त्यस्तो संस्था मुख्य प्रवर्द्धक रहेको अन्य कुनै संस्था परियोजनाको

प्रवर्द्धक वा आधारभूत शेयरधनी भएमा वा त्यस्तो संस्थाको प्रतिनिधित्व गर्दै प्रवर्द्धक कम्पनीको सञ्चालक समितिमा सहभागी भएकोमा त्यस्तो प्रवर्द्धक, उल्लेख्य शेयरधनी वा सञ्चालक कालो सूचीमा रहे नरहेको यकीन गरिरहनु पर्ने छैन।

७. <u>डकुमेन्टेशन तथा प्रोशेसिङ्ग शुल्क भुक्तानी गर्नुपर्नेः</u> (१) दफा ६ बमोजिम कालो सूचीमा नपरेको यकीन गरेपछि त्यसरी यकीन गरेको तीन दिनभित्र प्राविधिक मूल्याङ्कन तथा विश्लेषण विभागले सोको जानकारी सहित डकुमेन्टेशन तथा प्रोशेसिङ्ग शुल्क वापत पाँचलाख रुपैयाँ (पछि फिर्ता नहुने गरी) भुक्तानीको लागि कम्पनीको बैंक खाता र भुक्तानी गर्नु पर्ने अवधि तोकी सम्बन्धित परियोजनाको प्रवर्द्धकलाई लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भए पछि प्रवर्द्धकले कम्पनीले तोकेको बैंक खातामा डकुमेन्टेशन तथा प्रोशेसिङ्ग शुल्क जम्मा गरी सोको सक्कल भौचर कम्पनीमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम डकुमेन्टेशन तथा प्रोशेसिङ्ग शुल्क जम्मा गरेको भौचर प्राप्त भएपछि प्राविधिक मूल्याङ्कन तथा विश्लेषण विभागले सोको जानकारी प्रमुख कार्यकारी अधिकृतलाई दिनु पर्नेछ।

८. <u>विभागीय अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नु पर्नेः</u> (१) दफा ७ बमोजिम डकुमेन्टेशन तथा प्रोशेसिङ्ग शुल्क जम्मा भएपछि कम्पनीको प्राविधिक मूल्याङ्कन तथा विश्लेषण विभागले सम्बन्धित परियोजनाको प्राविधिक तथा वातावरणीय पक्षको र वित्तीय विश्लेषण तथा जोखिम व्यवस्थापन विभागले वित्तीय, कानूनी, व्यवस्थापकीय तथा संस्थागत पक्षको स्वतन्त्र रुपमा अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गरी त्यस्तो शुल्क जम्मा गरेको भौचर प्राप्त भएको पन्ध्र दिनभित्र आफ्नो राय सहितको विभागीय प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परियोजनाको प्राविधिक तथा वातावरणीय पक्षको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्दा कम्पनीको रोष्टरमा सूचिकृत भएका मध्ये प्रमुख कार्यकारी अधिकृतले तोकेको कम्तिमा एकजना विषयविज्ञलाई संलग्न गराई ईन्भेष्टमेण्ट एप्राईजल टेम्प्लेटमा उल्लेखित मापदण्ड, व्यवस्था, प्रकृया र प्रविधिका आधारमा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम परियोजनाको वित्तीय, कानूनी, व्यवस्थापकीय तथा संस्थागत पक्षको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्दा ईन्भेष्टमेण्ट एप्राईजल टेम्प्लेटमा उल्लिखित मापदण्ड,

व्यवस्था, प्रकृया तथा प्रविधिका आधारमा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) प्रवर्द्धकको प्रचलित कानून बमोजिम लेखापरीक्षण गरेको वित्तीय विवरण, स्वपूँजी तथा ऋण लगानीको प्रस्ताव तथा पेश भएका कागजातका आधारमा प्रवर्द्धकको दायित्व, सम्पत्ति तथा परियोजनासँग सम्बन्धित आम्दानी र खर्चको प्रक्षेपणको आधारमा वित्तीय सूचकहरुको विश्लेषण सहितको प्रवर्द्धक तथा परियोजनाको वित्तीय मूल्याङ्कन गर्ने,

(ख) प्राप्त प्रस्ताव तथा कागजातको आधारमा प्रवर्द्धकको कानूनी हैसियत, परियोजनाको लगानीको संरचना, शेयर तथा शेयरधनीहरुको वर्गीकरण तथा अधिकार र बन्देज, परियोजनाको अनुमतिपत्र, सम्बन्धित सम्झौताहरु तथा परियोजनासँग सम्बन्धित जमानतहरु लगायत विविध कानूनी पक्षहरुको अध्ययन गर्ने, र

(ग) कम्पनीमा प्राप्त लगानीको प्रस्ताव, बाह्य श्रोतबाट प्राप्त गर्न सक्ने सम्बन्धित सूचना तथा पेश भएका कागजातलाई आधार मानी प्रवर्द्धकले लगानी रकमको उचित परिचालन तथा उपयोग गर्न सक्छ भन्ने कुरामा विश्वस्त हुनको लागि ईन्भेष्टमेण्ट एप्राईजल टेम्प्लेटमा भएको व्यवस्था अनुसार प्रवर्द्धकको संस्थागत एवम् व्यवस्थापकीय मूल्याङ्कन गर्ने।

(४) यस दफा बमोजिम विभागीय अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्दा प्रमुख कार्यकारी अधिकृतको स्वीकृति लिई आवश्यकता अनुसार देहायको कुनै वा सबै प्रकृया अवलम्बन गर्न सकिनेछः-

(क) परियोजनास्थलको स्थलगत अवलोकन भ्रमण गर्न, गराउन,

(ख) प्रवर्द्धकसँग छलफल गर्न वा निजबाट प्रस्तुतीकरण गराउन,

(ग) आवश्यक थप कागजात तथा विवरण माग गर्न, वा

(घ) सम्बन्धित विषयको विशेषज्ञको विज्ञ सेवा लिन।

९. <u>संयुक्त प्रतिवेदन तयार गर्नु पर्नेः</u> (१) प्राविधिक मूल्याङ्कन तथा विश्लेषण विभाग र वित्तीय विश्लेषण तथा जोखिम व्यवस्थापन विभाग दुवै विभागले दफा ८ बमोजिमको विभागीय प्रतिवेदन तयार भएको पन्ध्र दिनभित्र सो प्रतिवेदनहरुको आधारमा संयुक्त अध्ययन तथा मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको संयुक्त प्रतिवेदनका आधारमा प्रस्तावित परियोजनामा लगानी गर्न उपयुक्त देखिएमा नायव महाप्रवन्धक (जलविद्युत) ले प्राविधिक तथा वातावरणीय पक्षमा र नायव महाप्रवन्धक (वित्त) ले वित्तीय, कानूनी, व्यवस्थापकीय तथा संस्थागत पक्षमा आफ्नो रायसहित लगानी तथा जोखिम व्यवस्थापन उपसमिति समक्ष सो संयुक्त प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको संयुक्त प्रतिवेदनका आधारमा प्रस्तावित परियोजना लगानीको लागि उपयुक्त नदेखिएमा प्रमुख कार्यकारी अधिकृतको स्वीकृति लिई प्राविधिक मूल्याङ्कन तथा विश्लेषण विभागले सोको जानकारी सम्बन्धित प्रवर्द्धकलाई दिनु पर्नेछ।

१०. <u>लगानी प्रतिवेदन सम्बन्धी ब्यवस्थाः</u> (१) दफा ९ को उपदफा (२) बमोजिमको संयुक्त प्रतिवेदन प्राप्त भए पछि लगानी तथा जोखिम व्यवस्थापन उपसमितिले सो प्रतिवेदनका आधारमा छलफल, विश्लेषण र मूल्याङ्कन गरी आफ्नो राय सहितको लगानी प्रतिवेदन तयार गरी सात कार्य दिनभित्र जोखिम व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन तयार गर्दा लागनी तथा जोखिम व्यवस्थापन उपसमितिले देहायका विषयहरु उल्लेख गर्नु पर्नेछः-

(क) प्रवर्द्धक तथा परियोजनाको प्राविधिक, वित्तीय, कानूनी तथा संस्थागत पक्षको विभागीय मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित विवरणको विश्लेषण,

(ख) सम्भावित जोखिम र सोको न्यूनीकरणका लागि अवलम्वन गरिएका उपायहरु,

(ग) लगानी सम्झौतामा समावेश गर्ने लगानीसँग सम्बन्धित प्रमुख शर्त तथा बन्देजहरु, र

(घ) परियोजनामा ऋण वा स्वपूँजी लगानी गर्न उपयुक्त हुने पुष्ट्याँई सहितको लगानी तथा जोखिम व्यवस्थापन उपसमितिको राय।

(३) लगानी तथा जोखिम व्यवस्थापन उपसमितिले उपदफा (१) बमोजिम छलफलको क्रममा थप अध्ययन तथा विश्लेषण गर्नु पर्ने देखिएमा थप अध्ययन तथा विश्लेषण गर्नुपर्ने विषय समेत किटान गरी सम्बन्धित विभागलाई निर्देशन दिन सक्नेछ र सम्बन्धित विभागले तीन दिनभित्र सो निर्देशन बमोजिम गरी सम्बन्धित नायव महाप्रवन्धक मार्फत सो उपसमितिमा पेश गर्नु पर्नेछ।

(४) लगानी तथा जोखिम व्यवस्थापन उपसमितिले संयुक्त प्रतिवेदन उपर उपदफा (१) बमोजिम छलफल, विश्लेषण र मूल्याङ्कन गर्दा प्रस्तावित परियोजना स्वपूँजी वा ऋण लगानीका लागि

उपयुक्त नदेखिएमा सोही व्यहोरा उल्लेख गरी प्रवर्द्धकलाई जानकारी गराउनु पर्नेछ।

११. <u>सञ्चालक समिति समक्ष सिफारिश गर्नेः</u> (१) दफा १० को उपदफा (१) बमोजिम लगानी प्रतिवेदन प्राप्त भएपछि जोखिम व्यवस्थापन समितिले कम्पनीको रोष्टरमा सूचिकृत भएका आवश्यक योग्यता र अनुभव भएका विषयविज्ञबाट शर्त र कार्यक्षेत्र समेत तोकी लगानी प्रतिवेदनको गुणस्तर परीक्षण (क्वालिटी एस्योरेन्स) गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लगानी प्रतिवेदनको गुणस्तर परीक्षण भए पछि जोखिम व्यवस्थापन समितिले आवश्यकता अनुसार देहायको कुनै वा सबै प्रकृया अवलम्बन गरी लगानी प्रतिवेदन उपर छलफल गर्न सक्नेछः-

(क) थप विश्लेषण तथा मूल्याङ्कन गरी पेश गर्न लगानी समितिलाई निर्देशन दिने,

(ख) थप कागजात वा पुष्ट्याँई माग गर्ने, वा

(ग) प्रवर्द्धकलाई परियोजनाको वारेमा प्रस्तुतीकरण गर्न लगाउन वा परियोजना स्थलको स्थलगत अवलोकन गर्ने।

(३) उपदफा (१) र (२) बमोजिमको प्रकृया पूरा गरी जोखिम व्यवस्थापन समितिले लगानी प्रतिवेदन प्राप्त भएको पन्ध्र दिनभित्र परियोजनामा ऋण वा स्वपूँजी लगानी गर्न उपयुक्त भए वा नभएको यकीन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम जोखिम व्यवस्थापन समितिले त्यस्तो परियोजनामा स्वपूँजी वा ऋण लगानी गर्न उपयुक्त हुने ठहऱ्याएमा प्रमुख कार्यकारी अधिकृतले जोखिम व्यवस्थापन समितिको राय तथा सिफारिस सहित सञ्चालक समितिमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(५) स्वपूँजी तथा ऋण लगानीको निर्णयको लागि सञ्चालक समिति समक्ष प्रस्ताव पेश गर्दा कम्पनीमा रितपूर्वक दरखास्त प्राप्त भएको साठी दिनभित्र गरिसक्नु पर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि काबू बाहिरको परिस्थिति परी वा मौसमको प्रतिकूलताको कारण परियोजनाको स्थलगत भ्रमणमा ढिलाई भएमा वा परियोजनाको आकार वा प्रकृतिले गर्दा यस कार्यविधिमा तोकिएको समयभन्दा बढी समय लाग्ने अवस्था सिर्जना भई साठी दिनभित्र समितिमा प्रस्ताव पेश हुन नसक्ने देखिएमा तत्काल जोखिम व्यवस्थापन समितिलाई जानकारी गराउनु पर्नेछ र सो समितिले उक्त व्यहोरा मनासिव देखेमा सञ्चालक समिति समक्ष प्रस्ताव पेश गर्न उपयुक्त समय थप गर्ने गरी आवश्यक प्रवन्ध गर्न सक्नेछ।

(७) उपदफा (३) बमोजिम जोखिम व्यवस्थापन समितिले त्यस्तो परियोजनामा स्वपूँजी वा ऋण लगानी गर्न उपयुक्त नहुने भनी यकीन गरेमा प्रमुख कार्यकारी अधिकृतले सोको कारण सहितको जानकारी प्रवर्द्धकलाई दिनु पर्नेछ।

१२. <u>सञ्चालक समितिले निर्णय गर्ने:</u> (१) दफा ११ बमोजिम जोखिम व्यवस्थापन समितिको सिफारिश सहित पेश भएको प्रस्ताव उपर छलफल गरी ऋण वा स्वपूँजी लगानी गर्ने वा नगर्ने सम्बन्धमा सञ्चालक समितिले आवश्यक निर्णय गर्नेछ।

(२) सञ्चालक समितिले उपदफा (१) बमोजिम स्वपूँजी तथा ऋण लगानी गर्ने निर्णय गर्दा आवश्यकता अनुसार विभिन्न शर्त तथा बन्देज तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम निर्णय भएको जानकारी निर्णय भएको मितिले दश दिनभित्र प्रमुख कार्यकारी अधिकृतले सम्बन्धित प्रवर्द्धकलाई दिनुपर्नेछ।

१३. <u>सम्झौता गर्नु पर्ने:</u> (१) दफा १२ को उपदफा (१) बमोजिम सञ्चालक समितिले स्वपूँजी लगानी गर्ने निर्णय गरेमा प्रमुख कार्यकारी अधिकृतले सञ्चालक समितिबाट तोकिएका शर्त तथा बन्देजको अधीनमा रही सो समितिबाट स्वीकृत ढाँचामा कम्पनी, प्रवर्द्धक कम्पनी तथा प्रवर्द्धकका तत्काल कायम रहेका शेयरधनीहरु बीच स्वपूँजी लगानी सम्झौता (शेयरहोल्डर्स एग्रिमेन्ट) गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्दा प्रवर्द्धक कम्पनीका उल्लेख्य शेयरधनीहरु सम्झौताको पक्ष हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सम्झौतामा देहायका विषयहरु उल्लेख गरिएको हुनुपर्नेछः-

(क) शेयरधनीहरुको वर्गीकरण सम्बन्धी व्यवस्था, स्थानीय तथा सर्वसाधारणलाई शेयर जारी गर्ने भएमा सोको अनुपात र हाल कायम रहेका संस्थापक शेयरधनीहरुको शेयरको अनुपात,

(ख) परियोजना निर्माणको लागि ऋण लिँदा संस्थागत जमानत प्रदान गर्नुपर्ने भएमा कम्पनीले गरेको स्वपूँजी लगानीको प्रतिशतको अनुपातमा नबढ्ने व्यहोरा,

(ग) कम्पनी, कम्पनीका ऋण प्रदायकहरु वा कम्पनीसँग सम्बन्धित नियमनकारी निकायले निरीक्षण तथा अनुगमन गर्न सक्ने व्यहोरा,

(घ) दफा १२ को उपदफा (२) बमोजिम सञ्चालक समितिबाट तोकिएका शर्त

तथा बन्देज,

(ङ) परियोजनाको निर्माण सम्पन्न नभएसम्म उल्लेख्य शेयरधनीहरुले शेयर बिक्री गर्न बन्देज गर्ने व्यहोरा,

(च) लेखापरीक्षण, आन्तरिक नियन्त्रण प्रणाली र संस्थागत सुशासन सम्बन्धी व्यवस्था,

(छ) प्रवर्द्धक कम्पनीको पूँजी संकलनको लागि आह्वान गरिएको शेयर बापतको रकम कुनै शेयरधनीले तोकिएको समयावधि भित्र भुक्तानी नगरेमा कम्पनीलाई सो शेयर लिन सक्ने अग्राधिकार प्राप्त हुने व्यहोरा, र

(ज) आवश्यक देखिएको अन्य विषय।

(३) दफा १२ बमोजिम सञ्चालक समितिले परियोजनामा ऋण लगानी गर्ने निर्णय गरेमा कम्पनी र प्रवर्द्धक बीच ऋण लगानी सम्झौता गर्नु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले अन्य ऋण प्रदायकहरुसँग सहवित्तीयकरण मार्फत ऋण लगानी गर्ने भएमा सहवित्तीयकरणका अन्य सदस्यहरु सहितको ऋण लगानी सम्झौता गर्न सकिनेछ।

(५) उपदफा (३) वा (४) बमोजिम गरिने ऋण लगानी सम्झौतामा दफा १२ को उपदफा (२) बमोजिम सञ्चालक समितिबाट तोकिएका शर्त तथा बन्देजहरु उल्लेख गर्नु पर्नेछ।

१४. <u>निरीक्षण, अनुगमन तथा प्रतिवेदन सम्बन्धी ब्यवस्थाः</u> (१) स्वपूँजी वा ऋण लगानी सम्झौता सम्पन्न भए पछि कम्पनीले प्रवर्द्धक कम्पनी तथा परियोजनाको सञ्चालक समितिबाट स्वीकृत मापदण्ड बमोजिम आवधिक निरीक्षण तथा अनुगमन गर्नु, गराउनु पर्नेछ।

(२) प्रमुख कार्यकारी अधिकृतले देहायका प्रतिवेदनहरु त्रैमासिक रुपमा जोखिम व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछः-

(क) उपदफा (१) बमोजिम निरीक्षण तथा अनुगमन गरी कम्पनीको परियोजना अनुगमन मार्ग दर्शनले तोके बमोजिमको ढाँचाको प्रतिवेदन,

(ख) स्वपूँजी वा ऋण लगानी भएका परियोजनाहरुको कार्य प्रगति प्रतिवेदन, र

(ग) लगानी तथा जोखिम व्यवस्थापन उपसमितिबाट भएका निर्णयहरुको

प्रतिवेदन।

(३) उपदफा (२) बमोजिमका प्रतिवेदनहरु उपर छलफल गरी जोखिम व्यवस्थापन समितिले कम्पनीको व्यवस्थापनलाई आवश्यक निर्देशन दिनसक्नेछ। त्यस्तो निर्देशनको कार्यान्वयन गर्नु, गराउनु प्रमुख कार्यकारी अधिकृतको कर्तव्य हुनेछ।

१५. <u>रकम भुक्तानी प्रक्रिया:</u> (१) स्वपूँजी वा ऋण लगानी वापतको रकम भुक्तानीको लागि प्रवर्द्धक कम्पनी वा अगुवा बैंकबाट माग भएमा कम्पनीको वित्तीय तथा सामान्य व्यवस्थापन विभागले प्राप्त प्रस्तावको आवश्यक अध्ययन गरी स्वपूँजी लगानी वा ऋण लगानी सम्झौताको परिपालनाको अवस्था, संस्थापकद्वारा भुक्तानी गरिएको शेयर रकमको विवरण लगायत अन्य विवरणहरु खुलाई रकम भुक्तानीको लागि लगानी तथा जोखिम व्यवस्थापन उपसमिति समक्ष सिफारिश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिश गर्दा प्राविधिक मूल्याङ्कन तथा विश्लेषण विभागबाट परियोजनाको वर्तमान अवस्था तथा कार्यप्रगतिको मूल्याङ्कन गराई रकम भुक्तानी गर्ने सम्बन्धमा सो विभागको राय समेत संलग्न गर्नु पर्नेछ।

(३) स्वपूँजी लगानी वापतको रकम भुक्तानीको लागि सिफारिस गर्दा कम्पनीबाट प्रवर्द्धक कम्पनीको सञ्चालक समितिमा सञ्चालक मनोनयन भएको भए त्यस्तो सञ्चालकको सिफारिश समेत संलग्न भएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भुक्तानीको सिफारिस भएमा लगानी तथा जोखिम व्यवस्थापन उपसमितिले आवश्यक जाँच गरी स्वपूँजी  वा ऋण लगानी सम्झौताको पूर्ण पालना भएको सुनिश्चित गरी स्वपूँजी वा ऋण लगानी वापतको रकम भुक्तानी गर्न स्वीकृति दिनु पर्नेछ।

१६. <u>सञ्चालक समितिले छुट्टै विधि र प्रकृया निर्धारण गर्न सक्ने:</u> यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा स्वपूँजी वा ऋण लगानी गर्नु पर्दा सञ्चालक समितिले छुट्टै विधि र प्रकृया निर्धारण गर्न सक्नेछः-

९क० कम्पनीबाट सरकारी वा विदेशी सरकार वा विदेशी प्रवर्द्धकसँगको रणनीतिक साझेदारीमा परियोजनाको विकास वा लगानी गर्दा, र

९ख० नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था वा त्यस्तो संस्था मुख्य प्रवर्द्धक रहेको अन्य कुनै संस्थाबाट प्रवर्द्धित परियोजनामा लगानी

गर्दा।

१७. <u>रोष्टर तयार गरी अद्यावधिक गर्नु पर्ने:</u> यस कार्यविधि बमोजिम वाह्य विज्ञको परामर्श सेवा लिने प्रयोजनका लागि कम्पनीले ईन्भेष्टमेण्ट एप्राईजल टेम्प्लेट बमोजिमको योग्यता र अनुभव भएका विज्ञहरुको रोष्टर तयार गरी समय समयमा अध्यावधिक गर्नु पर्नेछ।

१८. <u>ऋण असूली सम्बन्धी व्यवस्था:</u> यस कार्यविधि बमोजिम भएको ऋण लगानीको असूली कम्पनीको प्रचलित ऋण असूली सम्बन्धी विनियमावली बमोजिम हुनेछ।

१९. <u>बाधा अड्काउ फुकाउने तथा ब्याख्या गर्ने अधिकार:</u> यस कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउने तथा कुनै द्विविधा भएमा ब्याख्या गर्ने अधिकार कम्पनीको सञ्चालक समितिमा रहनेछ।

२०. <u>संशोधन:</u> (१) जोखिम व्यवस्थापन समितिको सिफारिसमा सञ्चालक समितिले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जोखिम व्यवस्थापन समितिले यस कार्यविधिको अनुसूचीमा आवश्यक संशोधन गर्न सक्नेछ।

(३) जोखिम व्यवस्थापन समितले यो कार्यविधिमा एक आर्थिक वर्षमा कम्तिमा एकपटक पुनरावलोकन गर्नु पर्नेछ।

२१. <u>खारेजी र बचाउ:</u> (१) स्वपूँजी (Equity Share) लगानी गर्ने सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

दरखास्तको ढाँचा

श्रीमान प्रमुख कार्यकारी अधिकृतज्यू
हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
हात्तीसार, काठमाण्डौ, नेपाल।

विषयः परियोजनामा स्वपूँजी/ऋण लगानी गर्ने प्रस्ताव पेश गरिएको सम्बन्धमा।

महोदय,

यस कम्पनीको स्वामित्वमा रहेको ...................... जलविद्युत परियोजनाका..................... अनुमतिपत्र नं. ................ अनुसारको ........................ जलविद्युत परियोजना निर्माणको लागि यस कम्पनीमा हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडले स्वपूँजी/ऋण लगानी गर्नको लागि देहाय बमोजिमको विवरण सहित यो दरखास्त पेश गरेका छौं ।

विवरणहरुः

१. प्रवर्द्धकको नाम र ठेगानाः
२. प्रवर्द्धकको दर्ता नं. .............................. स्थायी लेखा नं. ..........................
३. परियोजनाको नामः
४. परियोजनाको जडित क्षमताः
५. परियोजना रहेको क्षेत्रः प्रदेशः ......................जिल्लाः ....................
   गाउँपालिका/नगरपालिकाः ........................ वडा नं. .............................
   अक्षांश र देशान्तरः
६. विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र संख्या र मितिः
७. विद्युत उत्पादनको अनुमतिपत्र संख्या र मितिः
८. विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको भए सम्झौताको मितिः
९. विद्युत खरिद गर्ने संस्थाः

१०. वित्तीय व्यवस्थापन गरी सक्नुपर्ने मितिः

११. वित्तीय व्यवस्थापनको लागि नियुक्त अगुवा बैंकको विवरणः

१२. संलग्न कागजात र विवरणहरुः

(क)

(ख)

(ग)

(घ)

(ङ)

१३. अन्य विवरण केहि भए खुलाउनेः

प्रवर्द्धकको तर्फबाट अख्तियार प्राप्त व्यक्तिकोः

हस्ताक्षरः

नामः

पदः

ठेगानाः

फोन नं., इमेलः

मितिः

प्रवर्द्धक कम्पनीको छापः

अनुसूची-२

(दफा २ को खण्ड (क) सँग सम्बन्धित)

Investment Appraisal Template (IAT)